## सम्बन्धमा मेलमिलाप

खम्बाहरू पाठ्यक्रममा, अगुवाको रूपमा एउटा साँच्चै महत्त्वपूर्ण विषय भनेको तपाईंले मानिसहरूलाई कसरी मेलमिलाप गराउनुहुन्छ भन्ने हो। मैले धेरै अगुवाहरूले यसो भनेका सुनेको छु, "यदि मानिसहरूको लागि हुँदैनथ्यो भने सेवकाई धेरै सजिलो हुने थियो।" मैले त्यसो भनेको छु, सायद तपाईंले त्यसो भन्नुभएको होला। तर वास्तविकता कुरा के हो भने अगुवाहरू र सेवकाई भनेको सबै मानिसहरूका बारेमा हुन्छ भन्ने सोच्छन्।

मानिसहरू मानव हुन्, र हाम्रो मानवता आफैआफ प्रकट हुन्छ, जसको परिणामस्वरूप त्यहाँ तोडिएको अवस्था र द्वन्द्व हुन्छ। तैपनि त्यो द्वन्द्व समाधान गर्नुपर्ने समस्या मात्र होइन, तर त्यहाँ सुसमाचार अनुभव गर्ने, पवित्र आत्माको शक्ति अनुभव गर्ने एउटा ठूलो मौका हुन्छ। तर यो त्यस्तो क्षण हो, जब सम्बन्धहरू तोडिएको बेला एक अगुवा खडा हुन सक्छ र परमेश्वरले हामीलाई मेलमिलापमा संलग्न हुने अगुवा बन्न किन बोलाउनुभएको छ भन्ने ढाँचा र उद्देश्य बुझ्न सक्छ।

केवल तिनीहरूलाई बेवास्ता गर्नु वा पन्साउनु मात्र होइन, तर वास्तवमा यसलाई एउटा ठूलो मौकाको रूपमा हेर्नुपर्छ। हामीमध्ये धेरै जना मत्ती १८ अध्यायमा एउटा विशेष प्रश्न लिएर येशूकहाँ आउने पत्रुस जस्तै हुन सक्छौं, तिनले पद २१ मा यसो भन्छन्।

तब उहाँकहाँ आएर पत्रुसले भने, "प्रभु, मेरो भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म?" येशूले तिनलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, सात पल्ट होइन, तर सत्तरी गुणा सात पल्ट।" के तपाईंले पत्रुसले सोधेका कुरा बुझ्नुभयो? कति पल्ट क्षमा गर्नुपर्छ? प्रायः जब सम्बन्ध तोडिन्छ, तब त्यो केवल एक पटकको घटना हुँदैन, यो निरन्तर भइरहने घटना हो, यो हप्तौं वा महिनौंसम्म भइरहन्छ र तपाईं भन्नुहुन्छ, "मैले यो व्यक्तिलाई कहिलेसम्म सहनु पर्छ? मैले यो दुर्व्यवहार कति समयसम्म सहनु पर्छ?" पत्रुसले त्यो व्यक्तिलाई दाजुभाइ, दिदी-बहिनीको रूपमा वर्णन गर्छन्, किनकि सम्बन्ध तोडिने कुरा अपरिचित व्यक्तिसित त्यत्ति हुँदैन। मैले नचिनेका मानिसहरूले सामाजिक संजालहरूमा मेरो विषयमा लेख्ने कुराहरूलाई म त्यत्ति वास्ता गर्दिनँ। तर कुनै साथी, मेरो मण्डलीको सदस्य, भाइ वा बहिनीले नराम्रो लेख्छन् भने त्यसप्रति मेरो वास्ता हुन्छ। त्यसले साँच्चै मलाई दुःखी बनाउँछ। पत्रुस भन्छन्, "सुन्नुहोस् त, मलाई चोट पुर्‍याउने मेरो नजीकको कुनै व्यक्तिलाई मैले कति पटकसम्म सहनुपर्छ?"

सम्बन्ध कुनै अवधारणा वा विचार वा रणनीतिको बारेमा फरक मतको कारण तोडिँदैन। यो पूर्ण रूपमा व्यक्तिहरू बीचको द्वन्द्व हुन्छ। हामी सबै पत्रुससँग जोडिन सक्छौं, जो एउटा अगुवाको रूपमा यो प्रश्न लिएर येशूकहाँ आए, "म यसको कसरी सामना गर्नुपर्छ? यसलाई लिएर मैले के गर्नुपर्छ?" येशूले पत्रुसलाई दिनुभएको जवाफमा मेलमिलाप कसरी गराउने भन्ने कुरा छ। यसको महत्त्व यो हो कि मेलमिलाप एउटा यस्तो तरिका हो जसद्वारा मानिसहरूले सुसमाचारको ज्ञान पाउँछन्।

येशूले हामीलाई उहाँसँग मेलमिलाप गराउनुभयो। उहाँले हामीलाई मेलमिलापका दूत बनाउनुभएको छ। त्यो हराएकाहरूले मुक्ति पाउनका निम्ति मात्र होइन, तर ख्रीष्टियनहरूले अनुग्रहलाई गहिरो रूपमा बुझ्नका निम्ति पनि हो। जब व्यक्तिहरू बीच पारस्परिक सम्बन्ध बिग्रन्छ, तब हामीले अगुवाहरूको रूपमा येशूले दिनुभएको नमुना पछ्याउनु आवश्यक छ, ताकि ती ख्रीष्टियनहरू सुसमाचारमा पाइने अनुग्रहबारे अझ ठूलो ज्ञानमा बढ्न सकून् र त्यसपछि तिनीहरूले तपाईंको सेवकाईको सदस्यको रूपमा आफूलाई स्वस्थ, असल तरिकाले अगि बढाउन सकून्। हामीले मेलमिलाप कसरी गराउनुपर्छ भन्ने विषयमा येशू आफ्नो शिक्षामा धेरै सठीक र धेरै व्यावहारिक हुनुहुन्छ। इमानदारीपूर्वक भन्नुपर्दा मलाई लाग्छ, यो नमुनालाई हामी धेरैले येशूले दिनुभएको त्यो विशेष हदसम्म पालना गर्दैनौं, जुन हामीले गर्नुपर्छ। यो नमुना मत्ती १८ अध्यायमा दिइएको छ। येशूले पत्रुस र

हामीलाई यसो भन्नुभएको छ, “यदि तिमीहरूको भाइ वा बहिनीले तिमीहरूको विरुद्धमा अपराध गऱ्यो भने एकलै ऊकहाँ जाओ र त्यो दोष देखाइदेओ।

यदि त्यो व्यक्तिले तिम्रो कुरा सुन्छ र आफ्नो अपराध स्वीकार गर्छ भने, तिमी उसलाई आफ्नो बनाउँछौ। तर यदि तिमी असफल भयौ भने, आफ्नो साथमा एक वा दुई जनालाई लैजाओ र दुइ अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का गर। यदि त्यसले तिनीहरूका कुरा सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको बात पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्।”

अब येशूले यी निर्देशनहरू दिनुभएको छ, तर हामीले मानिसहरूको सामना गर्दा उनीहरूप्रति धेरै कठोरता वा कानुनी रूपमा व्यवहार नगर्नु जरूरी हुन्छ। उहाँले हामीलाई चारवटा आयामहरू दिनुहुन्छ र ती आयामहरूको एउटा क्रम छ। तर धेरै कठोर नहुनुहोस्। येशूले पत्रुसलाई दिनुभएका यी निर्देशनहरूको उद्देश्य तिनलाई निर्दोष साबित गर्नु होइन। यहाँ पत्रुसलाई, “ए पत्रुस, अब तिमी आफ्नो बारेमा राम्रो महसुस गर्न सक्छौ” भनिएको होइन। “ए पत्रुस, तिमीप्रति भएको अन्यायलाई तिमी यसरी उचित ठहराउन सक्छ।” कुरा एकदमै स्पष्ट छ। “ए पत्रुस, एक अगुवाको रूपमा, तिमीसँग गलत व्यवहार गर्ने व्यक्तिसँग सम्बन्ध पुनर्स्थापित गर्ने तरिका यहाँ बताइएको छ।” अगुवाहरूको रूपमा, हामी येशूको नमुना पछ्याउँछौं, किनकि यो एउटा मौका हो, हामीसँग गलत व्यवहार गर्ने व्यक्तिलाई सम्बन्ध पुनर्स्थापित गर्ने र निको पार्ने समय हो। त्यसैले यो ढाँचा धेरै महत्त्वपूर्ण छ। येशूले यसो भन्दै सुरु गर्नुहुन्छ, “सुन, जब कसैले तिमीहरुसँग गलत व्यवहार गर्छ, तिनीहरूकहाँ व्यक्तिगत रूपमा जाओ। अरूकहाँ नजाओ। त्यो कुरा अरू माझ नफैलाओ। यसको बारेमा निन्दाचर्चा नगर। यो परिस्थितिबाट उम्कन नखोज।”

जब कसैले गल्ती गर्दछ, तब त्यसलाई एउटा क्षणको रूपमा हेर्नुहोस्।” येशू धेरै स्पष्ट भन्नुहुन्छ, “एकलै तिनीहरूकहाँ जाओ, यसरी तिमीहरू तिनीहरूकहाँ जान सक्छौ। तिमीहरू तिनीहरूका इज्जत नष्ट पार्न चाहँदैनौ। तपाईं मानिसहरूले तिनीहरूको बारेमा नराम्रो सोचून् भन्ने चाहनुहुन्न। हामी तिनीहरूलाई पुनर्स्थापित गर्न चाहन्छौं। यदि यो काम व्यक्तिगत रूपमा गर्न सकियो भने धेरै राम्रो हुन्छ।” किनकि उहाँ भन्नुहुन्छ, “तिमीहरू तिनीहरूलाई फर्काएर ल्याउनका लागि यो त्यसो गर्दै हुनुहुन्छ।” अब उहाँको निर्देशनमा यस कुरामा ध्यान दिनुहोस्, उहाँ भन्नुहुन्छ, “पत्रुस, पहिलो कदम तिमीले नै बढाउनु पर्छ।”

प्रायः अगुवाको रूपमा जब कसैले हामीलाई चोट पुऱ्याउँछ, तब हामी उनीहरूले पहल गर्नुपर्छ भनी सोच्छौं। “तिनीहरू मकहाँ आएर क्षमा मागून्।” अनि येशू भन्नुहुन्छ, “त्यसो होइन, हाम्रो अगुवापनको सेवकाई तिनीहरू पुनर्स्थापित भएको देख्नु हो। त्यसैले हामी नै तिनीहरूकहाँ जानुपर्छ।” येशूले हाम्रा लागि यस्तै गर्नुभयो।

जब हामीले उहाँलाई चोट पुऱ्यायौं, जब हामीले उहाँसँग दुर्व्यवहार गऱ्यौं, जब हामी उहाँको सामु पापी थियौं, तब उहाँले हामीलाई पर्खनु भएन। उहाँ नै हामीकहाँ आउनुभयो। त्यसैले जब कसैले तपाईंलाई चोट पुऱ्याउँछ, त्यसको उद्देश्य छ भनी बुझ्नु जरूरी छ। म एक पटक एक जना अगुवासँग कुरा गरिरहेको थिएँ र तिनले भने, “तपाईंलाई थाहा छ, जब मानिसहरू मेरो बारेमा गलत कुरा गर्छन्, जब तिनीहरू निन्दाचर्चा गर्छन्, जब तिनीहरू चोट पुऱ्याउने कुराहरू भन्छन्, तब त्यसले मलाई विचलित पार्दैन। यसले मलाई पटक्कै विचलित पार्दैन। त्यसैले मलाई यसमा कुनै समस्या हुँदैन।” तिनले यो शिक्षा नबुझेका रहेछन्। यो शिक्षाको उद्देश्य “यदि यसले तपाईंलाई दुःख दिन्छ भने, यहाँ तपाईंले आफूलाई यसरी निको पार्नुहुन्छ” भन्ने होइन।

यस शिक्षाको उद्देश्य “त्यस्तो कुराले तपाईं विचलित नपारोस्” भन्ने होइन। यो शिक्षाको उद्देश्य यो हो, कि जब तपाईंलाई कसैबाट चोट लाग्छ, जब कसैले व्यक्तिगत रूपमा तपाईंसँग गलत व्यवहार गर्छ, त्यस बेला तिनीहरूका निम्ति निको हुने, र तपाईंले तिनीहरूलाई आफ्नो बनाउने मौका हुन्छ। त्यसैले तपाईंले गर्ने पहिलो कुरा भनेको

तपाईं एकलै ऊकहाँ जानुहुन्छ। अब, येशूले वास्तविक कुरा गर्दै भन्नुहुन्छ कि र त्यहाँ केही मानिसहरू हुन्छन्, तपाईं पूरा कृपा देखाउँदै सम्बन्ध पुनर्स्थापित गर्न तिनीहरूसित कुराकानी गर्न जानुहुन्छ जहाँ तिनीहरू छन् र तपाईं जानुहुन्छ, तर त्यो कोसिस सफल हुँदैन। तिनीहरूले आफ्नो दोष स्वीकार गर्दैनन् र सायद हामीमध्ये धेरैले त्यो अनुभव गरेका छौं। जब हामीसँग त्यस्तो हुन्छ, तब हामी कोसिस गर्न छाडिदिन्छौं। समस्याको कुनै समाधान हुँदैन।

येशूसँग अझै तीनवटा रणनीतिहरू छन्, जुन हामीले पालन गर्नुपर्छ। त्यसपछि उहाँ भन्नुहुन्छ, "सुन, केही मानिसहरूलाई साथमा लिएर तिनीहरूकहाँ जाओ। एकलै होइन, केही व्यक्तिहरूलाई साथमा लिएर जाओ।" उहाँले "तिनीहरूको विरुद्ध एउटा समूह बनाओ। तिमीहरू बहुमत बन। अब, तिनीहरूले गलत गरेका छन् भनी बताउने पाँच जना हुनेछौ" भन्नुभएको होइन। तिमीहरूले एउटा समूह बनाएर देखाओ र आफ्नो लागि इन्साफ प्राप्त गर भन्नुभएको होइन। उहाँले "प्रत्येक कुरा पक्का होस्" भन्ने वाक्यांश प्रयोग गर्नुहुन्छ। उहाँले वास्तवमा यसो भनिरहनुभएको छ, "हेर पत्रुस, एक अगुवाको रूपमा, यस समस्यामा विचार गर्नका लागि केही अरू विश्वासयोग्य, बुद्धिमान् मानिसहरूलाई चुन, ताकि तिमी साँच्चै वास्तविक कुरा बुझ्न सक, र प्रत्येक कुरा पक्का गर्न सकियोस्।" मेरो विचारमा येशूले पत्रुसलाई वास्तवमा यसो भनिरहनुभएको छ, "पत्रुस, यस कुरामा केही नम्र बन। तिमीले यसलाई स्पष्ट रूपमा नबुझेको हुन सक्छ। त्यसलाई जस्तो प्रकारले हेर्नुपर्छ त्यसरी तिमीले नहेरेको हुन सक्छ।"

हामी अगुवालाई अरू मानिसहरू चाहिन्छ, किनकि हामी मेलमिलाप गराउन सहायता गरिरहेका हुन्छौं, किनकि यदि हामीलाई चोट लागेको छ, त्यसद्वारा हामी भावनात्मक रूपमा प्रभावित भएका छौं भने, हामीमा स्पष्ट दृष्टिकोण नहुन सक्छ, त्यसैले हामीलाई त्यो नम्रता चाहिन्छ। भजन ८५:१० एउटा असल पद छ जसले हाम्रो आवश्यक भूमिकाहरूको वर्णन गर्दछ, जहाँ येशू भन्नुहुन्छ, "अरू एक दुइ जनालाई लैजाओ।" भजन ८५:१० ले यसो भन्छ, "प्रेम र विश्वस्तता आपसमा मिल्छन्, धामिकता र शान्तिले एकअर्कालाई चुम्बन गर्छन्।" बाइबलले यसो भनेको जस्तो लाग्छ, कि यदि तपाईं साँच्चै मेलमिलाप गराउन लाग्नुभएको छ भने त्यहाँ चारवटा आवश्यक भूमिकाहरू छन्। येशू भनिरहनुभएको छ, "यी भूमिकाहरूको प्रतिनिधित्व गर्न सक्ने केही मानिसहरूलाई ल्याओ।" तपाईंलाई दया चाहिन्छ। त्यहाँ तपाईंलाई करूणा चाहिन्छ। यो केवल न्यायको कुरा होइन, तर तपाईंलाई सत्य चाहिन्छ। वास्तवमा के भयो, वास्तवमा के भनिएको थियो र वास्तवमा के गलत थियो भन्ने कुरामा तपाईं पुग्नुपर्छ। तपाईंलाई न्याय चाहिन्छ। जुन हानि र चोट पुऱ्याइयो त्यो प्रमाणित हुनुपर्छ। तर तपाईंलाई शान्ति चाहिन्छ, जसले भविष्य र मेलमिलापको आशालाई संकेत गर्दछ।

अनि येशू भन्नुहुन्छ, "ए पत्रुस, तिमी नम्रताका साथ एकलै उसलाई भेट्न जाँदा त्यो तरिकाले काम गरेन भने त्यो समस्या बुझ्न र करूणा देखाउन अनि वास्तविकता बुझ्न साथै भविष्यका लागि न्याय र आशाका निम्ति केही मानिसहरूलाई आफ्नो साथमा लैजान आवश्यक हुन्छ।

जब ती भूमिका खेल्नेहरू त्यहाँ हुन्छन्, तब सायद तिमीले मेलमिलाप भएको देख्न सक्छौ।" तर त्यत्ति मात्र गर्नु पर्याप्त हुँदैन भनी येशूले बुझ्नुहुन्छ। तपाईं एकलै जाँदा पनि सफल बन्न नसक्नुहोला। तपाईंसँग त्यो विषयमा बोल्न सक्ने केही विश्वासयोग्य बुद्धिमानी मानिसहरू होलान्, तर अझै पनि मेलमिलाप हुँदैन। त्यसैले येशू भन्नुहुन्छ, "सुन, त्यस्तो भए त्यो मामिला मण्डलीको सामु ल्याओ।" अब यस सन्दर्भमा उहाँले के भनिरहनुभएको छ सो बुझ्नुहोस्। अब हाम्रा मण्डलीहरू, धेरै क्षेत्रहरूमा रहेका हाम्रा धेरै मण्डलीहरू अब संस्थाहरू जस्ता भएका छन्। तीमध्ये केही ठूला छन् र तिनीहरू धेरै विविध किसिमका छन्। पहिलो शताब्दीमा मण्डली परिवार थियो। मेरो भनाइको अर्थ तिनीहरू साँच्चै परिवार थिए, काका र काकीहरू, दाजुभाइ र दिदी-बहिनीहरू हुन्थे। तिनीहरू एकअर्कालाई चिन्थे। तिनीहरू घर-घरमा भेला हुन्थे। म के सोच्छु भने एक प्रकारले येशू यसो भनिरहनुभएको छ, "हेर पत्रुस, एकलै गएर भेट।" यदि त्यो तरिकाले काम गरेन भने, अरू केही व्यक्तिलाई साथमा लिएर जाओ।

यदि केही व्यक्तिलाई लिएर जाँदा पनि काम लागेन भने, परिवार नै मिलेर त्यो एक व्यक्तिकहाँ जाओ। येशूले यस मामिलामा मण्डलीलाई ल्याएर यसमा नैतिक प्रहरी(नीति) ल्याउनू भनिरहनुभएको छैन। पक्का नैतिक प्रहरी(नीति) ल्याउनु भन्नुहुन्छ।

उहाँ निको र पुनर्स्थापित हुनुपर्ने मानिसहरूबाट हामी अलग्गिनुपर्छ भन्ने चाहनुहुन्न। उहाँ परिवारलाई नै त्यसमा सामेल गर भन्नुहुन्छ। तपाईंको परिवारमा, जब झगडा हुन्छ, तब एक परिवारको रूपमा तपाईं त्यसलाई कसरी समाधान गर्नुहुन्छ? तपाईंहरू दाजुभाइ दिदी-बहिनीहरू सबै परिवारको रूपमा भेला हुनुहुन्छ। तपाईंहरू यसको बारेमा परिवारको रूपमा सँगै कुरा गर्ने कोसिस गर्नुहुन्छ। तपाईं त्यो झगडालाई एक परिवारको रूपमा हेर्नुहुन्छ। येशूले पत्रुसलाई यही सिकाउँदै हुनुहुन्छ र उहाँले हामीलाई सम्बन्धमा मेलमिलाप ल्याउन सिकाउँदै हुनुहुन्छ।

तपाईंलाई थाहा छ, त्यहाँ अदनको बगैंचामा आदम र हव्वा र परमप्रभु हुनुहुन्थ्यो र तिनीहरू उपस्थित थिए र एकअर्कालाई आशीर्वाद दिन्थे। तिनीहरू एकसाथ थिए। त्यसपछि पापले प्रवेश गर्‍यो र सम्बन्ध तोडियो, सम्बन्धमा झगडा सुरु भयो। अब उपस्थित हुनु र आशीर्वाद दिनुको सट्टा, तिनीहरू त्यहाँबाट धपाइए र तिनीहरू लुके र एकअर्कालाई दोष दिए। आदम र हव्वाले एकअर्कालाई दोष लगाए। तिनीहरूले त्यो शत्रुलाई पनि दोष लगाए। तिनीहरूले परमेश्वरलाई दोष लगाए। हामीले सम्बन्धमा मेलमिलापको गराउन खोज्दा प्रायः यस्तै कुराहरू भएका देख्छौं। हामी उपस्थित हुन्थ्यौं र आशिष् दिन्थ्यौं। अब हामी लुक्दै र दोष लगाउने गर्दैछौं। हामी फर्केर एकअर्कासँग उपस्थित हुन र एकअर्कालाई आशीर्वाद दिने स्थानमा फर्कनुपर्छ। एक अगुवाको रूपमा त्यो गर्नका लागि मैले नै त्यसमा नेतृत्व गर्नुपर्छ। म अनुग्रहमा एकलै तपाईंकहाँ आउनेछु। यदि त्यो तरिकाले काम गरेन भने, मसँग केही अन्य विश्वासयोग्य व्यक्तिहरूलाई साथमा लैजानेछु, जसले त्यो मुद्दालाई मैले भन्दा फरक तरिकाले हेर्न सक्छन्। हुन सक्छ, त्यसले मेलमिलाप ल्याउनेछ। यदि त्यसो गर्दा पनि भएन भने, हामी यसलाई एक पारिवारिक मुद्दाको रूपमा हेर्नेछौं।

अनि हामी परिवारको रूपमा एकसाथ बस्नेछौं। हामी परिवारको रूपमा एकसाथ उपस्थित हुनेछौं। हामी त्यस प्रकारको पारिवारिक वातावरण सिर्जना गर्नेछौं। हामी आशा गर्नेछौं, परमेश्वरले यसलाई मेलमिलाप गराउन प्रयोग गर्नुहुनेछ। यसो गर्दा चंगाइ र पुनर्स्थापना चाहिएको व्यक्तिले आफू एकलो भएको अनुभव गर्दैन, तर प्रेम गरिएको अनुभव गर्छ र उसलाई दया देखाइएकोले त्यसले उसलाई पश्चात्तापमा डोर्‍याउँछ, उसले क्षमा माग्छ अनि निको र पुनर्स्थापित हुन्छ। तर कुनै-कुनै मामिलामा यस्तो तरिका पनि सफल हुँदैन भनी येशू जान्नुहुन्छ। जहाँ त्यसो गर्न सम्भावना पनि हुँदैन।

त्यसैले उहाँले चौथो रणनीति दिनुहुन्छ। अब मैले तपाईंलाई एकलै जाने, केही व्यक्तिहरू लिएर जाने अनि परिवार नै बसेर कुरा गर्ने रणनीति बारे बताइसकेको छु। यो चौथो रणनीति म यसलाई एक अनुग्रह भन्छु। जब तपाईं यो सरसरती पढ्नुहुन्छ, तब येशूले यहाँ यदि त्यो व्यक्तिले पश्चात्ताप गर्दैन, यदि तिनीहरू मिलाप गर्न चाहँदैनन् भने तिनीहरूलाई मण्डलीबाट निकाल्नू भन्नुभएको हो भनी सजिलै सोच्नुहुन्छ। आखिरमा तपाईंले जे चाहनुभएको थियो त्यो पाउनुहुन्छ। तिनीहरू त्यागिन्छन्। तर येशूले त्यस्तो शिक्षा दिनुभएको हो भनी म विश्वास गर्दिनँ। बाइबलमा अरू पनि पदहरू छन् जसले त्यस्ता समयहरूको बारेमा कुरा गर्छन् जब अलग्गिनु आवश्यक हुन्छ। यो ती पदहरू मध्ये एउटा होइन।

म किन यस्तो सोच्छु, त्यसको कारण यस्तो छ। येशूले कर उठाउनेहरू र पापीहरूसँग कस्तो व्यवहार गर्नुभयो। उहाँले तिनीहरूसँग बसेर खानुभयो। उहाँले तिनीहरूसँगै बस्नुभयो। उहाँले तिनीहरूलाई त्याग्नुभएन। उहाँले तिनीहरूलाई उपेक्षा गर्नुभएन। उहाँ तिनीहरूसँगै हुनुहुन्थ्यो। जब येशूले पत्रुसलाई त्यस व्यक्तिलाई पापीसँग जस्तो व्यवहार गर्नु भन्नुहुन्छ, मलाई लाग्छ उहाँले वास्तवमा के भनिरहनुभएको थियो सुन्नुहोस्।

मेलमिलाप नगर। त्यो व्यक्ति संलग्न हुन सक्ने ठाउँमा नहुन्जेल मिलाप नगर। यसो गर्नु भनेको सीमित रूपमा शर्तहीन प्रेम देखाउनु हो। यो अनुग्रह देखाउनु हो। त्यो व्यक्ति यसका लागि तयार नहुन्जेल त्यो गर्नुपर्छ। कहिलेकहीं यस्तो समय पनि हुन्छ जब सम्बन्ध तोडिन्छ। त्यस व्यक्तिमा वर्तमानमा अनुग्रह र क्षमा प्राप्त गरी मेलमिलाप गर्ने क्षमता हुँदैन।

यदि तपाईं एकलै, अनि केही साथीहरू लिएर, त्यसपछि परिवारको रूपमा त्यो व्यक्तिकहाँ जानुहुँदा पनि काम बन्दैन भने तपाईं जान्नुहुन्छ कि केहीका समयका लागि त्यो मिलाप गराउने काम स्थगित राख्नुपर्छ। त्यो व्यक्तिलाई पापी ठान्नुहोस्, उनीहरूसँग बसेर खानुहोस्, उनीहरूलाई प्रेम गर्नुहोस्, तर यस समय उनीहरूबाट मेलमिलाप कुनै आशा नगर्नुहोस्। म यसलाई सीमासहितको शर्तहीन प्रेम भन्दछु। त्यो तोडिएको सम्बन्धको प्रकृतिलाई जस्तो प्रकारले बुझिएको छ त्यसको आधारमा सीमाहरू हुन सक्छन्, र त्यसो गर्नु बुद्धिमानी हुन्छ। तर येशूले तिनीहरूलाई त्याग्नू भन्नुभएको हो जस्तो मलाई लाग्दैन। त्यसको लक्ष्य तिनीहरूलाई फर्काएर ल्याउनु हो। अनि कहिलेकहीं त्यो तुरुन्तै गर्न सकिन्छ। कहिलेकहीं त्यसका निम्ति केही समय लाग्छ। अनि त्यस्तो हुन दिनका लागि अगुवाको रूपमा हामीसँग अनुग्रह र अधिकार हुनुपर्छ।

एक समय म पास्टर छँदा कसैले मसँग साँच्चै नराम्रो व्यवहार गऱ्यो र मेरो विरुद्धमा गलत कुराहरू गऱ्यो अनि त्यस कुराले मलाई साँच्चै दुःखी बनायो। मलाई यसको निम्ति कार्यान्वयन गर्नेपर्ने यो नमुना थाहा थियो। तर त्यसो गर्नु गाह्रो थियो। यो कार्यान्वयन गर्नु गाह्रो थियो। म त्यो गर्न चाहँदिनथैं। मैले मेरी पत्नीले भनेकी एउटा कुरा सम्झेँ, जुन कुरा त्यस बेलादेखि धेरै वर्षको सेवकाईको दौरान मेरो मनमा रहेको थियो। तिनले यसो भनेकी थिइन्, "जोएल, येशूले भन्नुभएको कुरा बुझ्न नसकेकोले नै तपाईंलाई चोट पुऱ्याउने त्यो व्यक्ति पुनर्स्थापित भएको तपाईं देख्न चाहनुहुन्न।" एक अगुवाको रूपमा त्यस कुराले मलाई साँच्चै चुनौती दियो। जब तपाईं परमेश्वरको राज्यमा र मण्डलीमा नेतृत्व गरिरहनुभएको हुन्छ, मानिसहरूले तपाईंलाई चोट पुऱ्याउनेछन्। त्यहाँ गाह्रो समयहरू हुनेछन्। त्यहाँ व्यक्ति-व्यक्ति बीच परस्पर झगडा हुनेछ। कहिलेकहीं तपाईंको विरुद्ध झगडा गर्नेछन्। अनि त्यो यस्तो समय हो जब सुसमाचारको छवि अगाडि आउनुपर्छ। मेलमिलापको दूत बन्नुपर्छ। त्यसैकारण हामी झैं पत्रुस येशूको सामु मेरो विरुद्धमा हुने व्यक्तिलाई मैले कतिन्जेल सहनुपर्छ भन्ने प्रश्न लिएर आउँदा उहाँले अति विचारपूर्ण र महत्त्वपूर्ण रूपले जवाफ दिनुभयो।

अनि येशू हामीलाई अगुवा बन, अनि यो नमुना पछ्याओ भन्नुहुन्छ। के तपाईं सुसमाचारमा विश्वास गर्नुहुन्छ। के तपाईं जीवन परिवर्तन गर्ने सुसमाचारको शक्तिमा विश्वास गर्नुहुन्छ, किनकि जब सम्बन्धहरू तोडिन्छ तब सुसमाचारको सत्यता कहिलेकहीं सबैभन्दा बढी जाँच गरिन्छ र यो हाम्रो नेतृत्वबाट सुरु हुन्छ र हामीले येशूमा र उहाँसँग भएको हाम्रो सम्बन्धमा हामीलाई चाहिने अनुग्रह, प्रेम, शक्ति, समर्थन र स्वीकृति खोज्नु पर्छ, ताकि हामी विनाशर्त एकलै, अरू केही व्यक्तिहरू साथमा लिएर अनि परिवार नै एकसाथ त्यो व्यक्तिकहाँ जान सकौं। अनि आवश्यक पऱ्यो भने अनुग्रहसाथ एकलै जान सकौं। कलस्सी ३:१२ मा पावलले यसरी लेखेका छन्।

"यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर। एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एकअर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ। यी सबैभन्दा बढी प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ। ख्रीष्टका शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। साँच्चै तिमीहरू त्यसका निम्ति एउटै शरीरमा बोलाइएका थियौ।

के तपाईं साँच्चै सुसमाचारमा विश्वास गर्नुहुन्छ? गर्नुहुन्छ भने एक अगुवाको रूपमा येशूको नमुना पछ्याउनुहोस् र जब तपाईं सम्बन्धहरूमा मेलमिलाप ल्याउन अगाडि बढ्नुहुन्छ, तपाईंले आफ्नो हृदय र आत्माको लागि

आवश्यक पर्ने सबै कुरा येशूमा पाउनुहुनेछ भनी जान्नुहोस्, जसले तपाईंलाई विनाशर्त मेलमिलापको दूत बन्न र त्यो व्यक्तिलाई निको र स्वास्थ्य हुन, र पुनर्स्थापनामा फर्कन सक्षम बनाउनेछ।